# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

Faculty of Humanities and Social Sciences Dean's Office T.U. Kirtipur

चलानी नं. .................. मितिः २०८१/०९/२६

**बी.सी.ए. कार्यक्रम अन्तर्गत आठौं सेमेस्टर (शैक्षिक वर्ष २०१९) को मौका परीक्षाका निमित्त फाराम भर्ने सम्बन्धी जरुरी सूचना !**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित बी.सी.ए. (BCA) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०१९ को प्रवेश परीक्षा उत्तीर्ण गरी पहिलो सेमेस्टरमा भर्ना भएका नियमित विद्यार्थीहरू जो पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौं, छैटौं र सातौं सेमेस्टर उत्तीर्ण गरी आठौं सेमेस्टरको **(२०८१ साल भाद्र महिनामा सञ्चालन भएको)** सत्रान्त परीक्षामा कुनै एउटा अथवा दुईवटा विषयमा मात्र अनुत्तीर्ण भएका छन्, ती विद्यार्थीहरूलाई **मौका परीक्षा (Make-up Examination)** का निमित्त वि.सं. २०८१ साल पौष २६ गतेदेखि माघ १३ गते (दोब्बर दस्तुरमा माघ १५ गते) सम्म आ-आफ्नो क्याम्पस/कलेजमा भौतिक रुपमा परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ । यसरी मौका परीक्षाका निमित्त फाराम भर्ने विद्यार्थीहरूले पहिलोदेखि सातौं सेमेस्टरसम्म उत्तीर्ण गरेका सबै Grade-sheet हरू फारामसाथ संलग्न गर्नुपर्ने छ । उक्त मौका परीक्षा देहाय बमोजिम सञ्चालन हुने व्यहोरा समेत जानकारी गराइन्छ :

- **परीक्षा सञ्चालन :** २०८१ साल माघ अन्तिम हप्ताबाट,
- **परीक्षा दस्तुर :** रू. २,५००/- (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र) । विद्यार्थीहरूले सम्वन्धित क्याम्पस/कलेजमा नै फाराम दस्तुर बुझाउनु पर्ने छ र सम्वन्धित क्याम्पस/कलेजले यस कार्यालयको नेपाल बैंक लिमिटेडमा रहेको चल्ती खाता नं. ०४५००१०००९९०४५००००००१ मा एकमुष्टरुपमा जम्मा गरी २०८१ साल माघ १८ गते भित्र सक्कल भौचर र विद्यार्थीहरूले भरेका परीक्षा फाराम यस कार्यालयमा अनिवार्यरुपमा पठाइसक्नु पर्नेछ ।
- **परीक्षा-केन्द्र तथा परीक्षा-तालिका पछि प्रकाशित गरिने छ ।**

**डा. चिरञ्जीवी आचार्य**
**सहायक डीन**

**नोटः** यदि कुनै परीक्षार्थीको परीक्षा-फाराम निर्धारित Criteria सँग मेल नखाएमा उक्त परीक्षा-फाराम तथा दिइएको परीक्षा समेत रद्द हुने व्यहोरा जानकारी गराइन्छ ।

कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोनः +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८, ५-३१४६७९
E-mail: support@tufohss.edu.np, tufohss.ma@gmail.com, tubca2017@gmail.com, Website: www.tufohss.edu.np

CamScanner